अनुसूची-१

नेपाल सरकार

# अर्थ मन्त्रालय

(प्रथम पटक प्रकाशित मितिः- २०८३/०३/२७)

## निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको सूचना

निक्षेप तथा कर्जा सुरक्षण कोषको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिको लागि खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित **मितिले २१ दिन (मिति २०८३/०४/१५) भित्र** कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा गोप्य सिलबन्दी दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. योग्यता तथा अनुभवः**

१.१. **निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ (संशोधन सहित) को दफा ४९ को उपदफा (३)** बमोजिमको योग्यता र अनुभव भएको।

१.२. **निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ (संशोधन सहित) को दफा ९** बमोजिम अयोग्य नरहेको।

१.३. अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ को दफा ३ बमोजिमको योग्यता र अनुभव भएको तथा दफा ४ बमोजिम अयोग्यता नभएको।

**२. दरखास्तसाथ पेश गर्नु पर्ने कागजात तथा विवरणहरुः**

२.१. नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, कार्यानुभव, दुई प्रति पासपोर्ट साइजको फोटो, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) उम्मेदवार स्वयम्ले प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ। उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी कोषको व्यवस्थापन तथा सञ्चालन सम्वन्धी व्यवसायिक कार्ययोजना (Business Action Plan) तीन प्रति तयार गरी खामबन्दी गरेर खामबन्दी प्रस्तावको खामवाहिर **"निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत पदका लागि व्यावसायिक कार्ययोजना"** उल्लेख गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा पेस गर्नुपर्नेछ।

२.२. खामभित्र रहेको व्यवसायिक कार्ययोजनामा कुनै पनि पृष्ठमा आफ्नो नाम वा आफूलाई चिनाउने कुनै पनि संकेत राख्न पाइने छैन।

२.२. उम्मेदवारले दरखास्तसाथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ।

**३. प्रमुख कार्यकारी अधिकृत पदका लागि तोकिएको काम, कर्तव्य र अधिकारः**

प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३, निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी नियमावली, २०७५ तथा नियामक निकायबाट जारी भएको निर्देशिका कार्यविधि वा सूचना तथा कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन्।

**४. व्यवसायिक कार्ययोजना पेश गर्नु पर्नेः**

१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक तथा वित्तीय कार्ययोजना (Business Action Plan) प्रमुख कार्यकारी अधिकृतका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरु समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछः

क) निक्षेप तथा कर्जा सुरक्षण कोषको बारेमा जानकारी उल्लेख भएको विवरण,

ख) कोषको विद्यमान अवस्थाको पहिचान र विश्लेषण,

ग) कोषको सबल पक्ष दुर्बल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण (SWOT Analysis),

घ) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण (Analysis of Major Areas for Strategic Reform),

ङ) कोषको नियामकीय लगायतका काम कर्तव्य सम्पादनमा जोखिम व्यवस्थापनका साथै सेवा विस्तार र क्षमता अभिवृद्धि स्थागत सुधार एवं सुशासन (Corporate Reform and Good governance), मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रम सञ्चालन, कोषका कामकारबाहीको पारदर्शिता, स्वच्छता, नियमितता, व्यावसायिकता, विश्वसनीयताको सुनिश्चितता, अनुगमन, मूल्याङ्कन तथा परिपालनको प्रभावकारिताको लागि सुझाव समावेश भएको समय सारिणी सहितको व्यावसायिक तथा वित्तीय कार्ययोजना (Business Action Plan)।

२) व्यावसायिक तथा वित्तीय कार्ययोजना नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा A4 Size को कागजमा तयार पर्नु पर्नेछ। अंग्रेजी भाषामा तयार गरिएको व्यावसायिक तथा वित्तीय कार्ययोजनाको मूल शिर्षक १५ साइज बोल्डमा, उपशिर्षक १४ साइज बोल्डमा र अन्तर्वस्तु Text १२ साइज नर्मलमा Times New Roman फन्टमा तथा नेपाली भाषामा तयार गरिएको व्यावसायिक तथा वित्तीय कार्ययोजनाको मूल शिर्षक १५ साइज बोल्डमा, उपशिर्षक १३ साइज बोल्डमा र अन्तर्वस्तु ११ साइज नर्मलमा यूनिकोड कालिमाटीमा हुनुपर्नेछ।

३) व्यावसायिक तथा वित्तीय कार्ययोजनाको मूल अन्तर्वस्तुको (Main Text) पहिलो पृष्ठमा पृष्ठ १(1) टाइप गरी सो पछिका पृष्ठमा क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ।

४) व्यावसायिक तथा वित्तीय कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठमा रोमन "i" देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ।

५) तयार पारिएको व्यावसायिक तथा वित्तीय कार्ययोजना तोकिएको मिति र समयमा छनौट सूचीमा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ। प्रस्तुतीकरणका लागि ४० (चालिस) मिनेट समय प्रदान गरिनेछ।

## ५. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्क भारः

उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सो को वर्गीकरण निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी नियमावली, २०७५ बमोजिम तपसिलअनुसार कायम हुनेछ।

| | | |
|---|---|---|
| १ | शैक्षिक योग्यता | १० अङ्क |
| २ | कार्य अनुभव | १० अङ्क |
| ३ | नेतृत्व क्षमता | ५ अङ्क |
| ४ | व्यावसायिक तथा वित्तीय कार्ययोजनाको गुणस्तर | ७० अङ्क |
| ५ | प्रस्तुतीकरण | ५ अङ्क |
| **जम्मा** | **पूर्णाङ्क** | **१०० अङ्क** |

## ६.दस्तुरः

दरखास्त दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय बाणिज्य बैंक, सिंहदरबार शाखामा रु.५,०००।- (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेस गर्नुपर्नेछ।

## ७.अन्य विवरणः

(क) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(ख) यसमा उल्लेख भए बाहेकका अन्य कुरा **निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ तथा** निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी नियमावली, २०७५ वमोजिम र अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

(ग) व्यक्तिगत विवरणमा झुट्टा विवरण वा कागजात पेश गरेमा त्यस्तो व्यक्तिगत विवरण रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार वा **टेलिफोन नम्बर ०१-४२११३८०** मा सम्पर्क गर्न सकिनेछ।

**अनुसूची-२**

दरखास्त

मितिः

निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि सिफारिस गर्न गठित समिति,
अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

**विषयः प्रमुख कार्यकारी अधिकृतको पदको लागि दरखास्त।**

उपरोक्त सम्बन्धमा निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत नियुक्तिको सिफारिस गर्न गठित समितिको मिति .................. को सूचना मार्फत कोषको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताबाट पदपूर्तिको लागि दरखास्त माग गरिएकोमा सो प्रक्रियामा सहभागी हुन योग्य/इच्छुक भएकाले देहाय बमोजिमका कागजात तथा विवरणहरू संलग्न राखी दरखास्त पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**संलग्नः**

(१) तोकिए बमोजिमको योग्यता र कार्यअनुभवको स्वप्रमाणित कागजात पाना थान...............।

(२) स्वप्रमाणित व्यक्तिगत विवरण पाना थान............. र स्वघोषणा फाराम पाना थान २(दुई)।

(३) व्यवसायिक कार्ययोजना ३(तीन) प्रति (खामवन्दी गरिएको),

(४) दुइ प्रति पासपोर्ट साइजको फोटो र

(५) राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा दरखास्त दस्तुर दाखिला गरेको सक्कल भौचर।

<u>निवेदक</u>

नामः-

ठेगानाः-

मोबाइल नम्बरः-

इमेल ठेगानाः

**अनुसूची-३**

## <u>स्वघोषणा फाराम</u>

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्ने उद्देश्य राखि **निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत** पदमा नियुक्ति हुनका लागि प्रचलित कानूनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानूनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेश गरेको छु।

१. **नाम, थर (नेपालीमा)**ः

२. **Name (In English) :**

३. **जन्म मितिः वि.सं.ः………/…./….** **इ.सं.ः**

४. **स्थायी ठेगानाः**

५. **हालको ठेगानाः**

६. **नागरिकता प्रमाणपत्र :**

७. **जारी मिति र जिल्लाः**

८. **राष्ट्रिय परिचयपत्र नं.ः**

९. **सम्पर्क नं.ः**

१०. **इमेलः**

११. **शैक्षिक योग्यताः**

१२. मेरो विस्तृत वैयक्तिक विवरण (Bio-Data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुस्ट्याइँ गर्ने प्रमाणित कागजात प्रमाणित गरी यसै साथ संलग्न राखी पेश गरेको छु।

१३. **निम्न लिखित व्यहोराको स्वयम् घोषणाको विवरणः**

(क) मैले मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन, वाणिज्य कानून, लेखा, बैंकिङ्ग वा बीमा विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी वा चार्टर्ड एकाउण्टेण्ट उपाधी हाँसिल गरेको छु।

(ख) मैले ………………… क्षेत्रमा कम्तिमा ……………. श्रेणी वा सो सरहको पदमा कम्तिमा …… वर्षको कार्य अनुभव रहेको छ।

(ग) मेरो उमेर हाल ………….वर्ष पुगेको छ।

(घ) निक्षेप तथा कर्जा सुरक्षण कोषसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता रहेको छैन वा कोषसँग निजी स्वार्थ रहेको छैन।

(ङ) मैले अदालत वा प्रचलित कानूनबमोजिम स्थापना भएको नियमनकारी निकायबाट कुनै दण्ड सजाय पाएको छैन।

(च) म कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

(छ) मेरो नाममा व्यक्तिगत बेरुजू बाँकी छैन।

(ज) म भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैंकिङ कसूर, चोरी, कीर्ते, ठगी, जालसाजी, आतङ्ककारी कार्य, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको छैन।

(झ) म टाट पल्टेको वा बेइमानी वा जालसाजी आरोपमा सजाय पाएको एवं दामासाहीमा परेको छैन।

(ञ) म प्रचलित कानून कर्जा सूचना केन्द्रको बमोजिम कालो सूचीमा समावेश भएको छैन/त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन बर्ष पूरा भईसकेको छ।

(ट) म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

(ठ) मैले विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

(ड) म हाल कुनै अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्धारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

(ढ) मलाई नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने गरी तोकिएको छैन।

(ण) मैले **निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ (संशोधन सहित) को दफा ४९ को उपदफा (३)** बमोजिमको योग्यता र अनुभव हासिल गरेको छु। सोही **ऐनको दफा ९** बमोजिम अयोग्य रहेको छैन।

(त) मैले अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ३ बमोजिमको योग्यता र अनुभव हासिल गरेको छु। र ऐ. मापदण्डको दफा ४ बमोजिम अयोग्य रहेको छैन।

(थ) तहाँबाट थप विवरण माग भएमा सो विवरण तोकिएको समयमा पेश गर्नेछु।

१४. मैले पेश गरेका शैक्षिक योग्यता, नागरिकता, अनुभवलगायतका सबै कागजात सक्कल बमोजिमका छाँयाप्रति हुन्। यस साथ संलग्न कागजात र प्रमाणको भार ममा निहित रहनेछ। साथै, मैले पेश गरेको मेरो व्यक्तिगत विवरण (CV) मा उल्लिखित सम्पूर्ण व्यहोरा सत्य र ठीक साँचो हो, फरक परेको छैन। झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

**स्वघोषणा गर्ने व्यक्तिको -**

**दस्तखतः**

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**मिति :**